# विदेशबाट कोषमा योगदान सङ्कलन गर्ने सम्बन्धमा प्रस्ताव आह्वान

**(प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८२।०७।२१)**

सामाजिक सुरक्षा कोषमा हाल १९ लाख भन्दा बढी वैदेशिक रोजगारीमा भएका श्रमिकहरु आवद्ध भएको वर्तमान परिस्थितिमा विदेशबाट यस सामाजिक सुरक्षा कोषमा सूचना प्रणालीको प्रयोग गरेर नियमित योगदान गर्न सहज हुने हेतु नेपाल राष्ट्र वैंकबाट इजाजत प्राप्त 'क' वर्गका वैंकहरुले निम्न जानकारीहरु स्पष्ट रुपमा खुल्ने गरी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कोषको केन्द्रीय कार्यालयमा प्रस्ताव दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

## प्रस्तावमा उल्लेख हुनुपर्ने विषय

१. नेपाल राष्ट्र वैंकबाट प्राप्त इजाजत पत्र
२. विदेशबाट नेपालमा रकम भित्र्याउन के / कति समयदेखि के / कस्तो गतिविधि गर्दै आएको र सो सम्बन्धी उपलब्ध सेवाहरुको विवरण
३. नेपाल भित्र रहेका शाखा कार्यालयहरुको संख्या
४. वैदेशिक रोजगारमा रहेका श्रमिकको खाताको संख्या
५. विदेशबाट श्रमिकले कोषमा योगदान रकम पठाउदा लाग्ने सम्भावित खर्च र सो को न्युनीकरणका लागि गर्न सकिने सम्भावित गतिविधिहरु
६. सेवा प्रवाह भएका वैदेशिक मुलुकहरुको विवरण
७. कोषका योगदान कर्ताहरुका लागि सम्बन्धित सेवा प्रदायकले दिनसक्ने थप सुविधाहरु
८. सेवा प्रवर्द्धनका लागि कोष सँग मिलेर गर्न सकिने प्रचार – प्रसारका कार्यक्रमहरु
९. देश भित्र र बाहिर कोषसँग मिलेर कोष सम्बन्धी गर्न सकिने योगदान कर्ता लक्षित साक्षरता कार्यक्रम
१०. पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन सहितको वित्तीय विवरण
११. नियामक निकायबाट कुनै किसिमको कारवाहीमा परे/नपरेको विवरण
१२. सूचना प्रणालीको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन
१३. सेवा प्रदायक निकाय कोषमा आवद्ध भए /नभएको विवरण

**नोट: यस सम्बन्धमा कोषको निर्णय अन्तिम हुनेछ ।**